नेपाल सरकार
ऊर्जा मन्त्रालय
# विद्युत विकास विभाग
२०५०
अनुमतिपत्र महाशाखा
(.............................................................)

फोन नं. ४४७४८५२, ४४८०२७६, ४४७८०८५, ४४८०३२६, ४४८०४२५, ४४९६८००, ४४८१६१४, ४४७६११०
फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७४/७५
च.नं.:- १२२१

मिति: ....२०७४/११/२२......

विषय:- अपर मर्स्याङ्दी-१ ज.वि.आ.को विद्युत उत्पादन अनुमतिपत्रको दरखास्त सम्बन्धमा स्पस्टिकरण पेश गर्ने बारे ।

श्री अपर मर्स्याङ्दी हाइड्रोपावर कम्पनी प्रा. लि.
गोंगबु काठमाडौं
फोन नं.: ०१-४४१४५१९, ९८४१४१९९४२

प्रस्तुत अपर मर्स्याङ्दी-१ ज.वि.आ.को विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त माथि कारवाहीको क्रममा यस विभागबाट विभिन्न समयमा विद्युत नियमावली, २०५० को दफा १२ र विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७३ को दफा ६ बमोजिम कागजात/विवरणहरु माग गरिएकोमा पछिल्लो पटक मिति २०७४/०५/०५ (च.नं. २१९, प.स. २०७४/७५ अ.प.) मा नपुग विवरण/कागजातहरु माग गरिएको र मिति २०७४/०८/०३ (च.नं. ७०४, प.स. ०७४/७५ अ.प.)मा उक्त कागजात/विवरणहरु पूर्ण रुपमा पेश नभएकाले स्पस्टिकरण पेश गर्न पत्राचार गरिएको थियो । उक्त माग गरिएका कागजात/विवरणहरु हाल सम्म पनि पूर्ण रुपमा पेश नभएकाले विद्युत नियमावली, २०५० को दफा १२ र विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७३ को दफा ६ बमोजिमका सम्पूर्ण कागजात/विवरणहरु के-कति कारणले पेश नगरिएको हो? सो सम्वन्धमा सात (७) दिन भित्र यस विभागमा सफाई/स्पस्टिकरण पेश गर्नुहुन तथा नपुग सम्पूर्ण कागजात/विवरणहरु पेश गर्नुहुन ऊर्जा मन्त्रालय (सचिवस्तर)को मिति २०७४/११/२१ को निर्णयानुसार जानकारी गराईन्छ । साथै उक्त अवधिभित्र नपुग सम्पूर्ण कागजात/विवरणहरु प्राप्त नभएमा वा सफाई/स्पस्टिकरण पेश नगरेमा वा चित्तबुझ्दो नभएमा अनुमतिपत्रको दरखास्त रद्द गरिने समेत सोही निर्णयानुसार जानकारी गराईन्छ ।

पूर्ण रुपमा पेश हुन बाँकी रहेका कागजात/विवरणहरु निम्नानुसार छन् ।

| सि.नं | कागजात/विवरण |
|---|---|
| १ | क) प्रस्तावित जडित क्षमता बमोजिमको उद्योग दर्ताको प्रमाणपत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत) |
| | ख) कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी गरिने कम्पनी अद्यावधिक भएको पत्र |
| २. | विद्युत खरिद बिक्री सम्झौता सम्बन्धी<br>क) बहाल रहेको विद्युत् खरीद बिक्रीको सम्झौता पत्र वा कनेक्शन एग्रीमेन्ट वा विद्युत् खरीद बिक्रीको आशयपत्र |
| ३. | वित्तीय व्यवस्था<br>क) स्वपूंजी लगानी गर्ने क्षमता पुष्टी हुने कागजातको हकमा आवश्यकता अनुसार देहाय बमोजिम मध्यका कुनै एक विवरण<br>१. आयोजनाको विकास गर्न प्रवर्द्धक कम्पनीको शेयरमा लगानी गर्ने सम्बन्धमा कुनै स्वदेशी वा विदेशी कम्पनीसङ भएको सम्झौताको Notarized प्रति (जस्तै: MOU वा JV Agreement) तथा प्रवर्द्धक र नयाँ कम्पनीको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worthतथा तल उल्लेखित विवरण<br>• MOU वा JV Agreement गर्ने नया कम्पनीको हकमा सो कम्पनी जुन मुलुकमा दर्ता भएको हो सो को |

नेपाल सरकार
ऊर्जा मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(.......................................................)

फोन नं. ४४७४८८५२, ४४८०२७६
४४७८०८५, ४४८०३२६
४४८०४२५, ४४९६८००
४४८१६१४, ४४७६११०
फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७४/७५

मितिः ..............................

विषयः-

| | |
|---|---|
| | आधिकारिक रुपमा पुष्टी हुने कागजात/विवरण |
| | २. आवश्यक शेयर पूंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीमा कायम रहेका शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worth तथा आवश्यकतानुसार तल उल्लेखितविवरण<br>क) आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरु बीच भएको सम्झौता<br>ख) कुनै शेयर होल्डरले लिन कबुल गरेको शेयर बराबरको निजको नेट वर्थ नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरुबीच भएको सम्झौता<br>३. आयोजनामा इक्विटी (Equity) लगानी गर्न अनुमति प्राप्त गरेको संस्थासङ्गभएको इक्विटी (Equity) लगानी सम्झौता तथा तल उल्लेखित विवरण<br>क) इक्विटी लगानी गर्ने वित्तीय संस्था भएको अवस्थाको हकमा जुन मुलुकमा दर्ता भएको हो सोको आधिकारिक रुपमा पुष्टी हुने कागजात/विवरण<br>ख) इक्विटी लगानी गर्ने वित्तीय संस्थाको लगानी गर्न सक्ने क्षमता पुष्टी हुने कागजात |
| | ख) यदि कुनै प्रवर्द्धक कम्पनीले वा सो कम्पनीका शेयर होल्डरहरुले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागि भैसकेको भए शुरुको र प्रस्तावित आयोजनालाई खाम्ने गरी Net worth पेश गर्नु पर्ने |

(विजय शर्मा)
इन्जिनियर

बोधार्थः
श्रीमान सचिवज्यू, ऊर्जा मन्त्रालय ।
श्रीमान महानिर्देशकज्यू, विद्युत विकास विभाग ।